नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

प्रमुख कन्सल्टेण्ट साईक्याट्रिष्ट

(नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५को नियम ९ बमोजिम)

| कार्य विवरण | |
|---|---|
| १.पदःप्रमुख कन्सल्टेण्ट साईक्याट्रिष्ट<br>२.सेवाः स्वास्थ्य<br>३.समूहः साईक्याट्रिष्ट<br>४.तहः एघारौ<br>५.तलब (मासिक): नेपाल सरकारले तोके वमोजिम<br>६. कामगर्नेसमयः नेपाल सरकारले तोके वमोजिम<br>७.कर्मचारीको नामः<br>८. कर्मचारीको संकेत नम्वर :<br>९. सुपरिवेक्षणगर्नुपर्नेः विभिन्न विभागमा कार्यरत चिकित्सकहरु, नर्सहरु, साईक्याट्रिष्ट र आफ्नो मातहतका कर्मचारीहरुको प्रत्यक्ष सुपरिवेक्षण गर्ने | १०. कार्यालयको ठेगानाः......................प्रदेश, ......................जिल्ला,............... स्थान, ............................. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/विभाग/ अस्पताल ................<br>...........शाखा.......... फाँट<br>११.आवश्यक योग्यताः सम्बन्धित ऐन तथा नियमावलीमा उल्लेख भए आवमोजिम।<br>१२.उत्तरदायित्वः अस्पताल प्रमुख |

सम्पादन गर्नुपर्ने काम, कर्तव्य, तथा उत्तरदायित्व

नेपाल स्वास्थ्य सेवा ऐन तथा नियमावलीको अधिनमा रहि नेपाल मेडिकल काउन्सिलले तयार गरेको पेशागत आचारसंहिता (कोड अफ इथिक्स) पालना गर्दै नियमानुसार कार्य गर्ने/गराउने ।

योजना र कार्यक्रम सम्बन्धि

- राष्ट्रिय स्वास्थ्य नीति तथा निर्देशिकाहरु र राष्ट्रिय मानसिक स्वास्थ्य नीतिको आधारमा
- मानसिक स्वास्थ्य विकास योजनाको प्रारुप तयार पार्ने कार्यको नेतृत्व गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- मानसिक स्वास्थ्य नितीको समयानुकुल परिमार्जन तथा निर्माणमा नेतृत्व दायी भुमिका निर्वाह गर्ने ।
- मानसिक स्वास्थ्य संग सम्बन्धित उपचारात्मक प्रतिरोधात्मक पुर्नस्थापनात्मक तथा प्रवन्धात्मक सेवाहरुको कार्य योजना तयार पार्ने, कार्यान्वयन गर्ने साथै कार्यक्रमहरुको सुपरिवेक्षण अनुगमन र समन्वय गर्ने ।
- मतहतका कर्मचारीहरुको व्यवस्थापन ड्यूटी खटन पटन, निगरानी तथा सुपरिवेक्षण सम्बन्धि कार्य गर्ने ।
- मानसिक रोगको उपचारात्मक, प्रतिरोधात्मक तथा मानसिक स्वास्थ्यको प्रबद्र्धनात्मक कार्यक्रमहरुको नेतृत्व गर्ने ।
- मानसिक स्वास्थ्य सेवामा प्रयोग हुने औषधि उपकरण र सेवाको प्राप्ती तथा व्यवस्थापनको नेतृत्व गर्ने ।
- मानसिक स्वास्थ्य समस्याको इपिडेमिक देखिएको खण्डमा सो को व्यवस्थापन कार्यको नेतृत्व गर्ने ।

### संगठन सम्बन्धि

- देशमा मानसिक स्वास्थ्य सेवाका लक्षहरु तय गर्ने तथा सोको प्राप्तीका लागि प्रोटोकलर नर्म्स् तयार गर्ने कार्यमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।
- समयानुकुल रुपमा मानसिक स्वास्थ्य सेवा प्रदायक संस्था तथा यूनिटहरुको स्थापना, स्तरोन्नतीका लागि सम्बन्धि निकायलाई परामर्श प्रदान गर्ने तथा आवश्यकता अनुसार सो कार्यको नेतृत्व गर्ने ।

### कर्मचारी सम्बन्धि व्यवस्था

- आफु मातहतका कन्सल्टेण्टरसिनियर कन्सल्टेण्ट साईकियाट्रिष्ट, क्लिनिकल साईकोलोजिष्ट तथा अन्य स्वास्थ्य कर्मीहरुलाई मानसिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक निर्देशन, सुपरिवेक्षण गर्ने तथा कार्य प्रगतिको मुल्यांकनरसमिक्षा गर्ने ।

### निर्देशन र नियन्त्रण सम्बन्धि

- राष्ट्रिय तथा स्थानीय स्तरमा सन्चालन हुने मानसिक स्वास्थ्य सेवा कार्यक्रम वारे मातहतका कर्मचारीहरुलाई निर्देशन दिने ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं

- मातहतका कर्मचारीहरुवाट सम्पादन भएका कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने र प्राप्त पृष्ठपोषणका आधारमा सुधारका लागि निर्देशन दिने ।

**सुचना संकल, विस्लेषण र सो को कार्यान्वयन सम्बन्धि**

- देशमा सञ्चालिन मानसिक स्वास्थ्य सेवा सम्बन्धि सूचना प्रवाहको सुनिश्चतता कायम गर्ने ।
- प्राप्त सूचनाको विश्लेषणको आधारमा समस्याको पूर्वानुमान तथा व्यवस्थापनको योजना तर्जुमा गर्ने कार्यको नेतृत्व गर्ने ।

**समन्वय र सञ्चार**

- नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशन बमोजिम स्वास्थ्य सेवा विभाग तथा अन्तर्गतका महाशाखाहरु, विभिन्न केन्द्र तथा अस्पतालहरु संग मानसिक स्वास्थ्य सेवा सम्बन्धि कार्यका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- मानसिक स्वास्थ्यको क्षेत्रमा क्रियासिल संघ संस्था तथा दातृ निकायहरु संग समन्वय गरी श्रोतको समुचित प्रयोगमा वृद्धी गर्ने ।

**कार्यक्रम विकास सम्बन्धि**

- मानसिक स्वास्थ्य सेवा अन्तर्गतका विभिन्न सव स्पेशियालिटी तथा सुपरस्पेशियालिटी सेवाहरुको विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**अध्ययन अनुसन्धान तथा तालिम सम्बन्धि**

- मानसिक स्वास्थ्यको क्षेत्रमा हुने बैज्ञानिक अध्ययन तथा अनुसन्धान कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**शैक्षिक कार्यक्रम सम्बन्धि**

- मानसिक स्वास्थ्य सम्बन्धि शैक्षिक कार्यक्रमहरुको विकास तथा सञ्चालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने तथा सो कार्यका लागि नेपाल सरकारका सम्बन्धित मन्त्रालयलाई परामर्श दाताको रुपमा कार्य गर्ने ।

**फोरेन्सीक मानसिक स्वास्थ्य सेवा सम्बन्धि**

- फोरेन्सीक तथा मानसिक स्वास्थ्य तथा मानसिक स्वास्थ्य सम्बन्धि अन्य कानूनी बिषयहरुमा सम्बन्धित निकायहरुलाई परामर्श प्रदान गर्ने ।

अन्य

- नेपाल सरकारको आवश्यकता अनुसार सरकारले तोकिएका समयानुसारका अन्य जिम्मेवारीहरु बहन गर्ने ।